PRESS RELEASE

FROM: NATIONAL AGRICULTURAL AND EVNVIRONMENTAL FORUM

RE: MEETING OF ASSOCIATION OF AGRICULTURAL MACHINERY DEALERS AND IMPORTERS (CONTACT: ASHOK CHOUDHURY, KATHMANDU, OFFICE PHONE: 4274170 BHAIRAHAWA OFFICE 071-526371)

DATE: 2062/1/21

आज मिति २०६२ /१ / २१ मा भएको कृषि मेसिनेरीहरुको आयातकर्ताहरु विच भएको सम्मेलनले यथासिघ्र विधिवत रुपमा एसोसिएसन दर्ता गरी हाल देखिएका यस सम्बन्धी समस्याका निम्न बुंदाका विषयहरुमा सम्बन्धीत निकायमा जानकारी गराई कार्यान्वयन गर्ने गरी हाल लाई निम्न बमोजिम तदर्थ समिति निर्माण गरीएको ब्योहोरा जानकारी को लागि अनुरोध छ ।

१) यम अधिकारी ( मनकामना इण्टरनेशनल ,नक्साल, काठमान्डौ )
२) शेखर श्रेष्ट ( हारती इण्टरनेशनल , नक्साल, काठमान्डौ )
३) ललित खण्डेलवाल ( नेपाल ट्रेड एण्ड सर्भिस लिंक , विराटनगर )
४) उमेश मानन्धर ( हवि अटो टेडिङ्ग , विरगंज )
५) संजय श्रेष्ट ( कोशती टेडिङ्ग कन्सर्न प्रा.लि. विराटनगर )
६) स्वयम्भु कृष्ण श्रेष्ट ( बज्रयोगिनी ट्रेड लिंक प्रा.ली )
७) रवि श्रेष्ट ( ओम स्टोर , काठमान्डौ )
८) उज्वल तुलाधर ( सवारी अटो , काठमान्डौ )
९) लव अधिकारी ( न्यु मनकामना इमपोरियम , दाङ )
१०) कपिल सिवाकोटी ( भाजुरत्न इनजीनियरिङ्ग एण्ड सेल्स प्रा.ली. )

सम्मेलन भएको स्थान : राष्ट्रिय कृषि तथा वातावरण मञ्च
माछा गेट , रवि भवन, काठमान्डौं फोन नं. ०१ ४२७४१७०
हेड अफिस : पडसरी , भैरहवा, फोन नं ०७१ ५२६३७१

यस बैठकमा निम्न वुंदाहरुमा छलफल गरियो ।

१. बैंक लगानी:

ट्रेक्टर , पावर टिलर बाहेक अन्य सवारी साधन ट्रक , बस र मोटर साईकलमा बैंकले लगानी गर्दा सवारी साधन वाहेक घर जग्गा धितो राख्नुपर्ने । जब कि ट्रेक्टर तथा पावर तिलरमा लगानी गर्दा साधनको अतिरिक निश्चित घर जग्गा पनि धितो राख्नु पर्दछ । यस किसिमको असमान नितिको अन्त हुनुपर्ने जरुरी देखिन्छ ।

२. नामसारी :

डिलरले आयात गरी विक्री गरेको ट्रेक्टर तथा पावर टिलर पहिलो पटक नामसारी भई सकेपछि ५ बर्ष सम्म नामसारी गर्न न सकिने बन्देजको कारण कृषि विकाश बैक बाहेक अन्य बैकहरुले चांहदैन । यस नियमले गर्दा कृषि विकास बैक को एकाधिकार हुन र्ग लगानीको चाप बढ्न जांदा आवश्यक मात्रा लगानी हुन सकि रहेको छैन । यस गन्य लगानी भई सकेको भुक्तानी पनि वजेटको अपर्याप्तता समयमा कर्जा असुली हुन न सकि डिलर हरुले समयमा पाउन सकिरहेको छैन ।

५ बर्षको बन्देजको अन्त नभएमा अन्य बैकहरुले पनि यस क्षेत्रमा लगानीको अवसर पाई किसानलाई ब्याजको भार पनि कम पर्ने देख्दछौं । बैकले लगानी गरी सकेको ऋणीहरुबाट समयमा कर्जा चुक्ता नभएको अवस्थामा

बैकले लिलाम विक्री गरी ५ बर्ष भित्र नामसारी गर्न सकेमा खराव कर्जाको भार कम परि बैकमा फण्ड परिचालनमा बृद्धि हुने विश्वास लिएको छौं ।

३. पावर टिलर विक्री बन्देज :

हाल बागमती अञ्चलमा ट्रेक्टर तथा पावर टिलरको विक्रीमा बन्देज लगाउनुको बाबजुद नारायणी अञ्चलमा दर्ता भएको पावर टिलर सो क्षेत्रमा संचालन भई रहेको पाईन्छ । यस किसिमको बन्देजको अन्त गरी सर्वत्र शुलभ तरिकाले विक्री वितरण गर्न पाउनुपर्ने जरुरी छ ।

४. असमान कर निति :

चार चक्के ट्रेक्टरको औसत मूल्य रु. ७०००००/ भए ता पनि बार्षिक कर रु . २३००/– पर्दछ । जब कि पावर टिलरको औसत मूल्य रु. १,००,०००/– को बार्षिक हटाउन अनुरोध गर्न चाहन्छौं ।

५. लाईसेन्स :

पावर टिलर संचालन गर्न चालकले लाईसेन्स लिनु पर्ने भएकोले सरल तरिका बाट चालकले लाईसेन्स पाउनु पर्ने र लाईसेन्स नविकरणको ब्यवस्था खारिज गर्नु पर्ने देख्दछौ । ट्रेक्टर रु . १७००/– , पावरटिलर रु. १२००/– , मो.सा. रु. ९००/–

६. अनुदान :

कृषि प्रयोजनमा प्रयोग हुने पावर टिलर मा श्री ५ को सरकार बाट नियमित अनुदान उपलब्ध भएको अवस्थामा मध्यम तथा निम्न मध्यम कृषकको लागि बलियो सहयोग पुगि परमपरागत हलो र गोरु बट खेती गर्ने प्रकृयाको अन्त भई बैज्ञानिक प्रविधिले प्रशय पाउने छ ।

७. कृषि उपकरण र स्पेयस पार्टस :

कृषि क्षेत्रमा प्रयोग हुने कृषि उपकरण जस्तै हैरो , कल्टिभेटर ,पम्पसेट आदि पूर्ण जडित ( तयारी ) अवस्थामा आयात गर्दा मु.अ.कर पुरै माफ र सहुलियत भन्सार दरमा आयात गर्न सकिन्छ । तर सोही उपकरण र सो मा लाग्ने पार्टस खुला अवस्थामा झिकाउंदा मु.अ.कर सहित पुरै भंसार लिने प्रावधान रहेको छ । जब कि ती उपकरणहरु चहेर पनि अन्य क्षेत्रमा प्रयोग गर्न सकिदैन ।

कृषि क्षेत्रमा प्रयोग हुन कृषि उपकरण र ट्रेक्टर , पावरटिलर को पार्टस मा पनि कृषि सुभिधा अन्तरगत जस्तै सहुलियत भंसार दर र मु.अ.कर पुरै माफ भएको अवस्थामा कृषकले पाउने प्रोत्साहनको अतिरित स्वदेशमा पनि ति औजार एसेम्बल गरी सस्तो मुल्यमा उत्पादन भई नया उद्योग तथा रोजगारीको समेत अवसर पाउने थियो ।

देशको बहुसख्याक ब्याक्ति कृषि पेसासंग आवद्ध भएता पनि प्रविधिको कारणले कृषि उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन । नया प्रविधिको विकास संगै खेती गरेमा देशमा कृषि क्रान्ती आई कृषि उत्पादनमा आत्म निर्भर हुन पावरटिलर दरो साधन सावित हुन सक्ने विश्वास लिएका छौं ।